# ६० वर्ष वा सोभन्दा माथिका उमेरका व्यक्तिहरू र अन्तर्निहित रोग भएका व्यक्तिहरूको लागि

२०२२ साल मे

नोवल कोरोनाभाइरसको खोप

# चौथो डोजको खोपको सूचना

४



**खोप लगाउन शुल्क लाग्नेछैन।** सम्पूर्ण रकम सरकारद्वारा व्यहोरिनेछ।




**चौथो डोज लगाउन सकिने भएको छ।**

**चौथो डोज लगाएमा अवस्था गम्भीर हुनबाट रोक्ने उच्च प्रभाव प्राप्त गर्न सकिन्छ।**

## खोपको दायरामा पर्ने व्यक्तिहरू

**हालको मितिमा प्राप्त भएको वैज्ञानिक जानकारी आदि अनुसार निम्न व्यक्तिहरूलाई खोपको दायरामा राखी, मे महिनाको अन्तिम हप्ता तिर चौथो डोजको खोप सुरु गरिनेछ।**

*अन्तर्निहित रोगको बारेमा (जापानी भाषा मात्र)

**तेस्रो डोजको भ्याक्सिन लगाएपछि ५ महिना बितेका**

**①६० वर्ष वा सोभन्दा माथिका उमेरका व्यक्तिहरू**

**②१८ वर्ष वा सो भन्दा माथिका उमेरका अन्तर्निहित रोग भएका व्यक्तिहरू तथा चिकित्सकले अवस्था गम्भीर हुने उच्च जोखिम छ भनेर स्वीकार गरेका व्यक्तिहरू**

※① **मा पर्ने व्यक्तिहरूले** आफू बसोबास गर्ने नगरपालिका वा गाउँपालिकाबाट हुलाक मार्फत पठाइने खोप टिकट लिएर खोप केन्द्रमा जानुहोस्।

※② **मा पर्ने वा नपर्ने भन्नेबारे**

अन्तर्निहित रोग आदिको कारण स्वास्थ्य संस्थामा जँचाइरहेका व्यक्तिहरू र अग्रिम रूपमा परामर्श गर्न सकिने स्वास्थ्य संस्था भएको व्यक्तिले उक्त स्वास्थ्य संस्थाको चिकित्सकसँग परामर्श गर्नुहोस्।
अग्रिम रूपमा परामर्श गर्न सकिने स्वास्थ्य संस्था नभएको व्यक्तिले खोप केन्द्रको जाँचको बेला परामर्श गर्नुहोस्। साथै खोप टिकट वितरण विधिको लागि तपाई बसोबास गर्नुहुने नगरपालिका वा गाउँपालिकाबाट प्रसंस्प सम्प्रेषण गरिने जानकारी निश्चय गर्नुहोस्।

**① र ② बाहेकका व्यक्तिहरूलाई चौथो डोज लगाउनेबारे यसपछि पनि विभिन्न जानकारीहरू सङ्कलन गर्दै विचार गरिनेछ।**

## प्रयोग गरिने भ्याक्सिन

**पहिलो～तेस्रो डोज लगाउँदाको भ्याक्सिनको किसिम जुन भए पनि फाइजर कम्पनी अथवा ताकेदा/मोडर्ना कम्पनीको भ्याक्सिन प्रयोग गरिनेछ।**

## नोवल कोरोनाभाइरसको खोपको प्रभाव

- **विदेशको अनुसन्धानमा तेस्रो डोज लगाएपछि ४ महिना वा सोभन्दा बढी बितेका ६० वर्ष वा सोभन्दा माथिका उमेरका व्यक्तिहरूलाई फाइजर कम्पनीको भ्याक्सिनको चौथो डोज लगाएको खण्डमा, ओमिक्रोन भेरिएन्टको महामारी फैलिरहेको बेला, खोप लगाएको ६ हप्ता बिते पछि पनि अवस्था गम्भीर हुनबाट रोक्ने असर नघटीकन कायम भएको भनेर जानकारीमा आएको छ।**

स्रोत:Bar-On YM et al. Protection by a Fourth Dose of BNT162b2 against Omicron in Israel. NEJM. 2022.

## नोवल कोरोनाभाइरसको खोपको सुरक्षा

- **विदेशको अनुसन्धानमा चौथो डोज लगाएपछिको एक्काइसौं दिनसम्म गम्भीर साइड इफेक्ट नदेखिएको भनेर जानकारीमा आएको छ।**

□ **१८ वर्ष वा सो भन्दा माथिका उमेरका व्यक्तिहरूमा खोप लगाएको एक्काइसौं दिनसम्ममा देखिएका लक्षणहरू**

| | |
|---|---|
| ५०% वा सोभन्दा बढी | दुखाइ ७८.८% |
| १० - ५०% | आलस्य हुने ३३.२% मांसपेशी दुख्ने २४.५% टाउको दुख्ने २१.५% कडा हुने वा सुन्निने १२.०% |
| १ - १०% | जोर्नी दुख्ने ८.४% ३७.५ डिग्री सेल्सियस वा सोभन्दा बढीको ज्वरो ६.६% लिम्फनोड सुन्निने ४.७% डाबर र छाला रातो हुने ८.०% परसेप्शन डिसअडर १.५% एलर्जी प्रतिक्रिया १.०% |

(*)दायरा: २७४ जना (फाइजर कम्पनी: १५४ जना, मोडर्ना कम्पनी: १२० जना)

स्रोत:Gili Regev-Yochay et al. Efficacy of a Fourth Dose of Covid-19 mRNA Vaccine against Omicron. NEJM. 2022.

## ◎ बसाइ दर्ता रहेको स्थान (ठेगाना रहेको स्थान) बाहेकका स्थानमा खोप लिने बारेमा

- अस्पतालमा भर्ना भइरेहका वा कुनै अस्थायी आवास केन्द्रको स्वास्थ्य संस्था वा आवास संस्थामा खोप लगाउने व्यक्ति
  **➡ स्वास्थ्य संस्था वा आवास संस्थामा परामर्श लिनुहोस् ।**
- शरीरमा मुल रोग भएका कारणले उपचार गराइरहेको स्वास्थ्य संस्थामा खोप लगाउने व्यक्ति
  **➡ स्वास्थ्य संस्थामा परामर्श लिनुहोस् ।**
- हाल बसोबास गर्ने स्थान र बसाइ दर्ता गरेको स्थान (ठेगाना) फरक हुने व्यक्ति
  **➡ वास्तवमा बसोबास गर्ने स्थानमा खोप लिन पनि सक्नेछ ।**
  वास्तवमा बसोबास गर्नुहुने स्थानको नगर, टोल वा गाउँपालिका आदिको कार्यालयको होमपेजमा हेरेर निश्चय गर्ने अथवा परामर्श केन्द्रमा सोधपुछ गर्नुहोस् ।

## ◎ खोप लगाउनको लागि, लगाउने व्यक्ति स्वयमको मञ्जुरीको आवश्यकता हुनेछ ।

खोप लगाउने बेला, सङ्क्रमण रोकथामको प्रभाव र खोपको साइड इफेक्टको खतरा दुबैको बारेमा सही ज्ञान हासिल गरिसके पछि, लगाउने व्यक्ति स्वयमको इच्छाको आधारमा खोप प्रतिको निर्णय गर्नुहुन अनुरोध गरिन्छ । लगाउने व्यक्तिको मञ्जुरी बिना खोप लगाउने कार्य हुनेछैन ।

कार्यालयमा वा वरिपरिका व्यक्तिद्वारा खोप लिनको लागि दबाब दिने वा खोप नलिएका व्यक्तिप्रति भेदभावपूर्ण व्यवहार गरिने जस्ता कार्य कुनै हालतमा पनि हुनु हुँदैन ।

## ◎ प्रतिरोध खोपका कारण स्वास्थ्यमा पर्न जाने प्रतिकूल असर प्रतिको राहत प्रणालीको व्यवस्था छ ।

प्रतिरोध खोपले स्वास्थ्य समस्या (बिरामी हुने वा दीर्घकालीन असर रहिरहने) निम्त्याउन सक्छ । अत्यन्त बिरलै हुने यस्ता स्वास्थ्यमा पर्न जाने असर हटाउन नसकिने हुनाले राहत प्रणालीको व्यवस्था गरिएको छ ।

आवेदनका लागि आवश्यक प्रक्रियाको बारेमा बसाइ दर्ता रहेको नगर, टोल तथा गाउँको कार्यालयमा परामर्श गर्नुहोस् ।

**खोप लगाइ सकेपछि पनि, मास्क लगाउने आदि सङ्क्रमण रोकथामको उपाय निरन्तर अपनाउन अनुरोध गरिन्छ ।**

नोभल कोरोना भाइरस खोप, नोभल कोरोना भाइरस सङ्क्रमण उत्पन्नको रोकथाम गर्नमा उच्च प्रभावकारी हुन्छ भनि निश्चित भएको छ तर उक्त प्रभाव १०० % हुन्छ भन्ने होइन । साथै, भाइरसको नयाँ भेरियन्टको प्रभावले पनि त्यसो हुन्छ ।

यसकारण, तपाईंहरू समक्ष सङ्क्रमण रोकथामको उपाय निरन्तर अपनाउन अनुरोध गरिन्छ । ठोस रुपमा ३ मिचु (भीडभाड, अत्यन्त निकट, बन्द कोठा)' बाट टाढा रहने, मास्क लगाउने, साबुनले हात धुने तथा स्यानिटाईजर द्वारा हात तथा औंला कीटाणुरहित गर्ने आदि जस्ता कार्य स्फुर्तरुपमा गर्नुहुन अनुरोध गरिन्छ ।

**सङ्क्रमण रोकथामका उपायलाई निरन्तरता दिन अनुरोध गरिन्छ ।**




होमपेज हेर्न नसकेको खण्डमा, बसाइ गर्नुहुने नगर, टोल वा गाउँपालिकामा परामर्श गर्नुहोस् ।

**नोभल कोरोना भाइरस खोपको प्रभावकारिता तथा सुरक्षात्मक पक्ष आदि सम्बन्धी विस्तृत जानकारीको लागि, स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालयको होमपेजको “नोभल कोरोना भाइरस खोप सम्बन्धी” को साइटमा हेर्नुहोस् ।**

स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालय कोरोना खोप | **सर्च**

सोधपुछका लागि सम्पर्क स्थान